तस्विर : बाबुराम शर्मा

सुत्केरीको स्वास्थ्य परीक्षणसँगै पोषण सामग्री वितरण गरिँदै ।

**दोलखा समाचारदाता**
*दोलखा, माघ १३ गते*

दोलखाको भीमेश्वर नगरपालिका-५ का वडाध्यक्ष वासु श्रेष्ठ सुत्केरी भेटघाट कार्यक्रम अन्तर्गत सुत्केरीका घर घरमा पुग्न लाग्नुभएको छ ।

सुत्केरी भएको थाहा पाउनेबित्तिकै अन्डा, सुत्केरीलाई कपडा, बच्चालाई न्यानो कपडा, साबुनलगायतका सामग्री बोकेर आर्थिक वर्ष २०८१/८२ विनियोजित बजेट अनुसार भेटघाट गर्न घर घर जान लागेको उहाँले बताउनुभयो ।

उहाँ मात्र होइन, उहाँको साथमा स्वास्थ्यकर्मीसँगै सुत्केरी घरमा पुगेका हुन्छन् । सुत्केरी भेटघाट कार्यक्रम अन्तर्गत वडाका स्वास्थ्यकर्मी, सुत्केरी आमा र स्वास्थ्य चौकीका हेल्थ पोस्ट इन्चार्ज शारदा न्यौपानेले जानकारी दिनुभयो ।

गर्भवती भएपछि सुत्केरी नहुन्जेलसम्म गर्भवती महिलाले आठ पटक गर्भ जाँच गर्नु पर्छ । यदि आठ पटक तोकिएको समयमा गर्भ जाँच गरेमा नेपाल सरकारले तोकिएको सुत्केरी भत्ताबापत तीन हजार नौ सय रुपियाँ पाउने छन् । सुत्केरी भेटघाट कार्यक्रमले सुनौलो हजार दिनलाई समेत टेवा पुगेको छ । हेल्थ पोस्ट इन्चार्ज न्यौपानेले यस खालको कार्यक्रम जिल्लामै नयाँ र पहिलो रहेको जानकारी दिनुभयो ।

## चितवन बारमा रानाभाट

**चितवन समाचारदाता**
*चितवन, माघ १३ गते*

शनिबार भरतपुरमा भएको चितवन जिल्ला अदालत बार एसोसिएसनको निर्वाचनमा फूलमाया रानाभाट विजयी हुनुभएको छ । चितवन बारमा पहिलो पटक महिला अध्यक्ष चयन हुनुभएको हो ।

शनिबार सम्पन्न अधिवेशनमा उहाँले आफ्ना निकटतम प्रतिस्पर्धी नुनराज सिलवाललाई पराजित गर्नुभएको थियो । रानाभाटले ८१ मत प्राप्त गर्दा सिलवालले ७८ मत प्राप्त गर्नुभएको थियो । रानाभाट लोकतन्त्रवादी कानुन व्यवसायी सङ्घबाट निर्वाचित हुनुभएको हो । यसै गरी उपाध्यक्षमा सीताराम अधिकारी विजयी हुनुभएको छ । उहाँले ९१ मत प्राप्त गर्दा उहाँका प्रतिस्पर्धी सरिता सापकोटाले ६६ मत प्राप्त गर्नुभएको थियो । सचिवमा कुलचन्द्र खनाल ८० मतका साथ विजयी हुँदा उहाँका निकटतम प्रतिस्पर्धी बलराम पौडेलले ७० मत प्राप्त गर्नुभयो । सहसचिवमा पवित्रा सुवेदी निर्विरोध हुनुभयो ।

## प्रेस सेन्टरमा नयाँ नेतृत्व

**हेटौँडा समाचारदाता**
*हेटौँडा, माघ १३ गते*

प्रेस सेन्टर नेपाल, मकवानपुर शाखाको छैटौँ जिल्ला अधिवेशनले यमप्रसाद शर्मा पौडेल (एमपी) को नेतृत्वमा १७ सदस्यीय नयाँ नेतृत्व सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा अशोक सुजन श्रेष्ठ, नवराज वाइबा, सचिवमा अनिल पराजुली, सहसचिवमा जमुना थिङ, सुरेश बल र कोषाध्यक्षमा राजेश थापा (गरिब) चयन हुनुभएको हो ।

समितिको सदस्यमा विवेक सिङ्तान, सुमित विश्वकर्मा, राजकुमार स्याङ्बो, केदार ढकाल, आशिष बल, युवराज बिमली र सीता कोइराला चयन हुनुभएको हो । कार्यसमितिको पहिलो बैठकले थप सदस्य मनोनीत गर्ने छ ।


(गोरखापत्र दैनिक)

नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**नेपाल इन्टरमोडल यातायात विकास समिति**
**चोभार, कीर्तिपुर- ६, काठमाडौं**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशन मिति : २०८१/१०/१४**

यस कार्यालयबाट गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित देहाय बमोजिमको सूचना अनुसार प्राप्त बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | बोलपत्र नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम | कबोल रकम रु (VAT र PS सहित) |
|---|---|---|---|---|
| १ | NITDB/NCB/C-57 (2081/082) | Roof Changing work of Administrative Building in Kakarbhitta ICD | New Tara Nirman Sewa, Mechinagar - 11 , Jhapa | 96,69,709.65 |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
**कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र**
हरिहरभवन, ललितपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०८१/१०/१४

यस कार्यालयबाट मिति २०८१/०८/२० गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार e–GP System बाट प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८१/०९/२१ गते दिनको १:०० बजे खोली बोलपत्र मूल्यांकन समितिबाट नियमानुसार मूल्यांकन हुदाँ तपसिलमा उल्लेखित बोलपत्रदाताको न्यूनतम मूल्यांकित बोलपत्र सारभूतरुपमा प्रभावग्राही रहेको हुदाँ स्वीकृतीको लागि सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ बोलपत्र छनौट सम्बन्धि सबैको जानकारीको लागि सात दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र.स. | कार्यको विवरण | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अङ्क (भ्याट र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| 1. | Demolishing Existing Structure and Construction of New Market Stalls in Agricultural Wholesale Market, Kohalpur, Banke | CAIDMP/ WORKS/ NCB-01-2081/082 | Shubha RS-Nabina JV, Nepalgunj, Banke | रु.७४,३३,४५,३११ |

**कार्यालय प्रमुख**